**विपद व्यवस्थापन समितिको बैठकका निर्णयहरु जानकारीको लागि**

# स्वास्थ्य सेवा विभागबाट जारी विज्ञप्ति

आज मिति २०७४।०५।०५ गते स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. श्री राजेन्द्र प्रसाद पन्तको संयोजकत्व र उपमहानिर्देशक तथा विपद व्यवस्थापन समितिका संयोजक श्री चुडामणि भण्डारीको उपस्थितीमा विपद व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिम बिभिन्न निर्णय तथा कार्यहरु गरियो।

१. बाढि पहिरोले प्रभावित स्थानहरुमा उपचारका लागि औषधी अभाव हुन नदिन माग गरिए अनुसारको आवश्यक औषधीहरु सहितको २ वटा ट्रकहरु भोली २०७४।०५।०६ गते आपूर्ती व्यवस्था महाशाखाबाट पठाउने ।

२. नवलपरासी जिल्लाको बाढी प्रभावित स्थानहरुमा गर्भवती, स्तनपान गराईरहेकी महिला र बच्चाहरुको पोषण स्थितीको अनुगमन स्थानीय साझेदारहरुको सहयोग लिई गर्ने ।

३. बाढि पहिरोले प्रभावित स्थानहरुमा स्वास्थ्य मन्त्रालयको संयोजनमा नेपाल जनस्वास्थ्य प्रतिष्ठानबाट छनौट गरिएका जनस्वास्थ्यकर्मीहरुलाई भोली मिति २०७४।०५।०६ देखि चारवटा समुह बनाई खटाउने र उक्त टोलीहरुको कार्यक्षेत्र तथा गर्नुपर्ने कार्यहरुको बारेमा आजै उपमहानिर्देशक श्री चूडामणि भण्डारीले आवश्यक निर्देशन समेत दिनुभयो । उक्त टोलीले गर्ने मूख्य कार्यहरुमा बाढि पहिरोले प्रभावित स्थानको स्वास्थ्य स्थितीको अध्ययन, स्थानीय स्तरमा माहामारीको पूर्व तयारी, समन्वय तथा प्रतिवेदन गर्ने कार्यहरु रहेका छन् ।

४. प्रजनन् स्वास्थ्य विषय समितिको बैठक बसी प्रभावित स्थानहरुमा प्रजनन् स्वास्थ्य शिविर संचालन गर्ने र उक्त शिविरहरु मार्फत न्यानो झोला, डिग्नीटी किट, मिडवाईफरी किट वितरण गर्ने ।

५. बाढि पहिरोका कारण चल्न नसकेका बर्थिङ्ग सेन्टरहरु रहेको बिभिन्न ५ जिल्लाका १५ स्थानमा विश्व स्वास्थ्य संगठनको सहयोगमा टेन्टबाट सेवाहरु सूचारु गर्ने ।

६. बाढि पहिरो प्रभावित स्थानहरुमा महामारी रोकथामका लागि थप जनचेतना अभिबृद्धि गर्न स्वास्थ्य शिक्षा र अन्य सामाग्रीहरु सहितको एक टोली प्रभावित जिल्लाहरुमा पठाउने ।

७. राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रबाट बाढि पहिरो प्रभावित स्थानहरुमा १६ वटा हेन्डमाईक, स्वास्थ्य सन्देश सहितका बिभिन्न पाम्पलेटहरु र बाढी पहिरो पछि फैलने महामारी रोकथाम सम्बन्धी पाम्पलेट २५००० प्रति तुरुन्त छपाई गरी २०७४।०५।०६ गते नै स्वास्थ्य शिक्षा टोलीसंग पठाउने ।

८. बाढि पहिरो प्रभावित स्थानहरुमा महामारी रोकथामका लागि भएका प्रयाशहरुको रेकर्डिङ्ग गरी जनस्वास्थ्य बहसमा प्रशारण गर्न र समाचार संकलन गरी सम्प्रेष गर्न नेपाल टेलिभिजनको एक टोली पनि स्वास्थ्य शिक्षा टोली संगै जाने । सो कार्यका लागि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रले नेपाल टेलिभिजनसंग समन्वय गर्ने ।

९. अस्थायी तथा अव्यवस्थित बसोबास सँगै किटजँन्य रोगहरु बढ्नसक्ने भएकाले रोगहरु निदानको प्रयाप्त परिमाणममा रेपिड डायगोन्स्टिक किटको व्यवस्था गर्ने ।

१०. स्वास्थ्य क्षेत्रबाट DDRC र Health and Nutrition Cluster को सूचना तथा तथ्याङ्कलाई आधार मानी सम्पूर्ण कार्यहरु गर्ने ।

११. स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र साझेदारसंस्थाहरु बाट प्रभावित क्षेत्रमा उच्चस्तरिय टोली खटाउने ।